नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति २०८३।०२।११

# प्रेस विज्ञप्ती।

स्थानीय तहमा खटाइएका प्रमुख प्रशासकीय अधिकृत र स्थानीय तहका पदाधिकारीबीच कार्यसम्पादनका विषयमा उत्पन्न विभिन्न समस्या तथा गुनासाप्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ। प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त रहँदा स्थानीय तहबाट प्रदान गरिने सेवा एवम् दैनिक प्रशासनिक काममा आई पर्न सक्ने कठिनाईलाई मध्यनजर गर्दै रिक्त रहेका प्रमुख प्रशासकीय अधिकृतको पदमा सरुवा तथा पदस्थापन गरी पदपूर्ति गर्ने कार्यलाई मन्त्रालयले उच्च प्राथमिकतामा राखेको विषय विदितै छ।

नेपालको संविधानले परिकल्पना गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्यबाट मात्र नागरिक सरोकारका विषयको सम्बोधन हुने भएकोले सेवा प्रवाह, विकास निर्माण, सुशासन प्रवर्द्धन लगायतका स्थानीय सरकारबाट भईरहेको प्रयासमा सङ्घीय सरकारको सधैं सहयोग रहदै आएको छ। उक्त कार्य पुरा गर्न प्रदेश सरकारको समेत सहयोग प्राप्त भएकै छ।

सङ्घीय सरकारबाट कामकाजको लागि खटाईएका प्रमुख प्रशासकीय अधिकृतलाई प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम कार्यसम्पादन गर्न उपयुक्त कार्य वातावरण निर्माणका लागि सबैको भूमिका अपरिहार्य रहेको र स्थानीय सरकारको काम कारवाहीलाई प्रभावकारी बनाउन समेत प्रमुख प्रशासकीय अधिकृत सहित स्थानीय तहमा कार्यरत सबै राष्ट्रसेवकहरु कर्तव्यनिष्ठ भई आफ्नो जिम्मेवारी पुरा गर्न आवश्यक छ।

यस सन्दर्भमा, स्थानीय तहको कार्यसम्पादन प्रभावकारी बनाउन एवं सुशासन कायम गर्न देखिएका समस्या तत्काल समाधानका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल नगरपालिका संघ र गाँउपालिका राष्ट्रिय महासंघको समेत प्रतिनिधित्व हुने गरी एक "समन्वय तथा सहजीकरण समिति" गठन गरिएको हुँदा उल्लिखित विषयसँग सम्बन्धित कुनै समस्या, गुनासो वा जानकारी भए देहायका निकाय/पदाधिकारी/पोर्टल मार्फत जानकारी गराउनुहुन अनुरोध छ।

सम्पर्क:
हेलो सरकार गुनासो पोर्टलः https://gunaso.opmcm.gov.np/admin/complain-type
राष्ट्रिय सतर्कता केन्द्रः हटलाईन ०१-४२००३४५, इमेल: navic@nvc.gov.np
मन्त्रालयको गुनासो पोर्टलः https://gunaso.mofaga.gov.np
मन्त्रालयको सूचना तथा गुनासो अधिकारीको WhatsApp नः ९८५११०२०८६

प्रवक्ता

फोनः ४२००२९१ फ्याक्सः ४२००३२२ Email: info@mofaga.gov.np